सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ७७ ♦ २०८१ साल कार्तिक ४ गते आइतवार ♦ 20 Oct 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापनमा विशेष छुट**

दसैं, दिपावली र छठ पर्वको अवसरमा विशेष छुटमा यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो व्यापार, व्यसाय लगायत कुनै पनि चिजको विज्ञापन गराई फाइदा उठाउनु होस् ।

सम्पर्क नं.: ९८४४०२५१८४, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## जनकपुरमा धोती,कुर्ता र सारी जुलुस निकालियो

**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, जनकपुरधाम**

धोती, कुर्ता, पाइजामा महिलाले लगाउने सुल्टो सारी मिथिलाञ्चल र तराई मधेस क्षेत्रको पहिचानसँग जोडिएको आभूषण (वस्त्र) हो। मिथिलाको विशिष्ट पहिरन धोती भए पनि पछिल्लो समयमा एउटा खास समुदायलाई होच्याउने, गिज्याउने, मजाक उडाउने प्रवृत्ति बढेको पाइन्छ । ‘धोती’ शब्दको प्रयोग गरेर मधेसी समुदायलाई अपहेलित महसुस गराउने कार्य दुर्भाग्यपूर्ण हो। मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष डा. रामभरोष कापडी ‘भ्रमर’ ले जानेर होस् या नजानेर धोतीको महत्व बुझ्दै नबुझी एउटा ठूलै समुदायले पहिरनका रूपमा प्रयोग गर्दै आइरहेको पौराणिक वस्त्रको नाउँमा धोतीलाई गालीका रूपमा प्रयोग गरिनु दुःखद भएको बताए ।



विश्वकै सबैभन्दा प्राचीन पोसाकका रूपमा एउटा वस्त्र हो धोती। सबैभन्दा लामो र सबैभन्दा पुरानो पौराणिक पोशाकमा यसलाई गणना गर्ने गरिन्छ। संस्कृतको ‘धीत’ शब्दबाट आएको ‘धोती’ नौ गज लामो, अढाइ गज चौडा, नसिएको आयातकार कपडाको एउटा टुक्रा हो यो। यसको पहिरन प्रारम्भ कहिलेदेखि भयो भन्ने निश्चित नभए तापनि देवी देवता, ऋषि मुनिहरूको पहिरनमा धोती नै देखिएको हुँदा यो वस्त्रको महिमा गान हुनुपर्नेमा जातीय विभेदको हिंसाका रूपमा प्रयोग गरिनु मानसिक दरिद्रताको पराकाष्ठा भएको डा. कापडीको बुझाइ छ। शासक वर्गले राज्यको पहुँच नभएका वर्गको जातजाती, भाषाभाषीको पहिचानलाई ओझेलमा पारेको साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउँछन्। शासक वर्गको आभूषण, खानपान, भाषा, साहित्यको धेरै चर्चा गरिन्छ। तलो वर्गमा आफ्नो परम्परा, खानपान, बाजागाजा, संस्कार-संस्कृति, रहनसहनको संरक्षण र सम्बर्द्धन गर्ने नेतृत्वको अभावले यस्तो बीउ उम्रिने मौका पाएको उनी सुनाउँछन्। उनी भन्छन्, ‘तलो वर्गले धारण गर्ने संस्कृति, संस्कार, भाषा, साहित्यप्रति हिनताबोध गर्ने बीउ रोपियो।’

डा. विमलका अनुसार काठमाडौंमा मधेसीहरू धोती, कुर्ता, गम्छा लगाएर हिँड्न हिनताबोध गरिरहेको अवस्था छ। यस्ता वस्त्र धारण गर्नेहरू आफूलाई ‘जोकर’ बुझ्न बाध्य छन्। तर, नयाँ युवापुस्ताले आफ्नो पहिचान संरक्षण, प्रचार प्रसारमा जुट्न अब ढिला गर्न नहुने डा. विमलको बुझाइ छ। मधेसका कुनै पनि मधेसी काठमाडौं जाँदा वा सिंहदरबार छिर्दा धोती, कुर्ता गम्छा वा पाइजामा कुर्ताको मुरेठ्ठा बाँधेर पस्दा ‘धोती’ भनेर होच्याइन्छ। यसले गर्दा मधेसमा धोती, कुर्ता वा पाइजामाको मौलिक पोसाक हिनताबोध गर्नेहरूलाई मनोवल उच्च पार्न राख्न संस्कृतिक रूपमा आफ्नो मौलिक पहिचान र पहिरनको प्रदर्शन गरेको अभियानका संयोजक मोहन महतो कोइरीले बताए।

उनले भने, ‘पहडिया मूलका त्यो पनि काठमाडौंका केही खस मानसिकता भएका व्यक्तिहरूबाट धोती, कुर्ता वा धोती पाइजामा लगाउनेप्रति घृणा जगाउने प्रयास भयो। अपहेलित गरियो। अपहेलना गर्न लगाइयो जसले गर्दा सर्ट, पेन्ट लगाउने युवा पुस्ता बढे। संस्कृतिक तथा धार्मिक पोसाक धोती, कुर्ता र गम्छा लगाउनेमा हिनताबोध भइरह्यो। यसलाई चिर्नका लागि पछिल्लो समय आफ्नो पहिरनप्रति गौरव गर्दै हामी युवाहरूले संस्कृतिक, धार्मिक तथा परम्परागत पोशाक जोगाउन अभियान चलाइरहेका छौं।’

धोती, कुर्ता, गम्छा लगाएर हिँड्दैमा हामी अशिक्षित र तुच्छ वर्गका होइनौं। ‘ढाका टोपी लगाउँदैमा राष्ट्रबाद झल्किँदैन’ दोहोरी गीतको भाका नबुझ्दा गँवार भइँदैन। कहिले नदेखेको डाँफे र लालीगुराँस मधेसको पहिचानसँग गाभ्न सकिँदैन। झिन्झिया नृत्य हाम्रो संस्कृति झल्काउने गरेको मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलको

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवासमा एक १५ बर्षिया किशोरी माथि बलात्कार

**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा एक अटो चालकले १५ बर्षिय किशोरीलाई जवरजस्ती करणी गरेको घटना बाहिरिएको छ ।

भंगाहा घर भएका ३० बर्षिय अटो चालकले घरमा लगेर जवर्जस्ती करणी गरेको तिन दिनपछी खुलासा भएको हो ।

किशोरीको स्वास्थ्य अवस्था विग्रदै गएपछि अभिभावकहरूले सोधीखोजी गर्दा जवरजस्ती बलात्कृत भएको बाहिरिएको थियो ।

छोरीले आफू बलात्कृत भएको वताएपछि घटनाबारे पीडित परिवारले इलाका प्रहरी कार्यालय बर्दिबासमा शुक्रबार उजुरी दिएका छन । बर्दिबास-१४ मा डेरा गरी बस्ने उक्त ३० बर्षिय पुरुषले किशोरीलाई मङ्गलबार कामको निहुँ बनाएर आफ्नै भाडाको कोठामा लगेर जबर्जस्ती गरेको पीडित परिवारको गुनासो छ ।

घटनाबारे सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय बर्दिबासले पीडित युवतीलाई स्वास्थ्य परिक्षणको लागि बर्दिबास अस्पताल पुऱ्याएको छ ।

परिवारले बलत्कार नै भएको दावी गरेतापनि घटनाको सम्बन्धमा प्रारम्भिक अनुसन्धान अगाडि वढाईएको प्रहरीले जनाएको छ ।

पीडित परिवारले किटानी जाहेरी दिएका अटो (सफारी चालक) प्रहरीलाई सूचना आएपछी कोठामा नरहेको र उनको खोजी गरिरहेको इलाका कार्यालय प्रमुख रेवतिरमन पोखरेलले जानकारी दिए ।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# राजा जनकका गुरु अष्टबक्रको..........

सयात्रा गर्नेमा अध्यक्ष हिरा गौतमले बिस्वास दिलाए ।

१२ हजार बर्ष अगाडिको मानवसभ्यता, ८ सय बर्ष अगाडिको भु:कम्पका कारण उठेको पहाड, गिद्व बासस्थान, चनौटे डाँडा जस्ता ठाउँहरुको पर्वद्वनले विकासका ढोकाहरु खोलेको वताउदै अध्यक्ष गौतमले अष्टबक्रको बासस्थान पर्यटन विकासको महत्वपूर्ण कोशेढुंगा सावित हुने धारणा राखे ।

## के-के छन आधारहरु अष्टबक्र राजावासमा जन्मेको ?

विभिन्न अवशेष र पुरातात्त्विक इतिहासका कारण अष्टबक्रको जन्मस्थल बर्दिवास नै रहेको विज्ञहरुले वताएका छन ।

बर्दिवासको उपल्लो क्षेत्र चुरे पहाड परापुर्वकालमा ऋषिमुनीहरुको तपस्यास्थल भएको विभिन्न आधारहरुले पनि अष्टबक्र जन्मस्थल राजाबास नै रहेको हुन सक्ने स्थानिय गुन्ज वहादुर कार्कीले वताए ।

गौतम वुद्धको जन्मस्थल पत्ता लगाउन पनि विदेशी पुरातत्वविद् डा. फुहररको योगदान महत्वपुर्ण मानिन्छ । फुहररले वुद्वको जन्मस्थल लुम्बिनी नै भएको दावी गरेपछि यसको विषयमा विभिन्न खोज र अनुसन्धान भएको थियो । पछी पुरातात्विक उत्त्खनन गरेपछि लुम्बिनी नै जन्मस्थल भएक प्रमाणित भयो ।

डा. बिस्वासानन्दले पनि दावी गरेको अष्टबक्रको जन्मस्थल र ाजाबासको विषयमा थप खोज र अनुसन्धान गर्नुपर्ने पुरातात्विकविद प्रकाश दर्नाल सुझाउछन । यसको लागि स्थानीय सरकारले नै विशेष भूमिका खेल्नुपर्ने उन्को भनाई छ ।

यस क्षेत्रमा भेटिएका ढुंगा र विभिन्न अवशेष समेत गिताको पृष्ठभूमिसँग मिल्दोजुल्दो भएको वताउदै अष्टबक्रको जन्मस्थल राजाबास नै भएको डा. बिस्वासानन्दको दावी छ ।

## भौतिकवादीहरुको लागि पनि उत्कृष्ट दर्शन हो : अष्टबक्र गिता

मानिसलाई समेत अष्टबक्र गिताले परमात्मा मान्ने भएकाले भौतिकवादीहरुले समेत यस्लाई दर्शनकोरुपमा लिने गरेका छन । यसैसगँ जोडिएको एउटा किवद्वन्ति प्रख्यात छ ।

एकपटक रामकृष्ण परमहंशलाई नरेन्द्र नाम गरेका एक युवकले - ईश्वर कहाँ छ ? परमात्मा कहाँ छ ? मलाई प्रमाण दिनुस् । भनेर जिज्ञासा राख्दा उत्तर दिन नसक्ने अवस्था सिर्जना भएपछी अष्टबक्र गिता थमाईदिएका थिए ।

सोही गिता पढेर नरेन्द्रलाई 'विवेक' र 'आनन्द' प्रकट भएको थियो । यसैले रामकृष्णले ती युवकको नाम विवेकानन्द र ाखिदिए, जुन नाम उनी विश्वभरि प्रख्यात वन्यो । यसैले यो गिताको मननबाट विवेक मात्र होइन, आनन्द पनि प्रकट हुन्छ भन्ने विस्वास गरिन्छ ।

अष्टबक्र कहोडका छोराकारुपमा चिनिन्छन । पेटभित्रवाट वच्चाले वुवाले शास्त्र पढदा खोट देखाएको र वुवा कै श्रापको कारणले जन्मदा आठ ठाउँमा बाङ्गीएको हुनाले उन्को नाम अष्टबक्र रहन गएको वताईन्छ । -न्युज कारखाना

# खुला रक्तदान कार्यक्रम सम्पन्न

**खबर दर्पण समाचारदाता**

**कार्तिक ३ गते, महोत्तरी**

गौशाला नगरपालिका -१२ कान्तिबजारमा शुभ दिपावली, छठ पर्व तथा समाचकेवाको पावन अवसरमा गौशाला-१२ का स्थानीय युवाहरूको आयोजनामा, मेगा विकास बहुउद्देश्य सहकारी संस्था लि. गौशाला-११, इम्ली बजारको सहयोग र नेपाल रेडक्रस सोसाइटी बर्दिबास उप-शाखाको प्राविधिक सहयोगमा आज भएको युवाहरूद्वार ा आयोजना गरिएको खुला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।शनिबार आयोजना गरिएको र क्तदान कार्यक्रममा ४५ युनिट र गत संकलन भएको सुकेश महतोले जानकारी दिए ।

अहिले अस्पतालका शैयामा कयौं बिरामीहरु रगतको अभाव भई उपचारमा बाधा भएको भन्ने बिभिन्न सञ्चारमाध्यममा सुनिएको र रगतको अभाव हुन नदिन मद्दत पुगोस भनेर स्थानीय युवा, मेगा सहकारी र रेडक्रस सोसाइटीको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको नागेन्द्र सत्याले बताए। शनिबार भएको रक्तदान कार्यक्रममा ४५ जनाले र क्तदाताहरुले रगत दान गरेका छन् ।

उक्त रक्तदान कार्यक्रममा गौशाला न.पा.विभिन्न वडाका युवा साथी र वडा नं.७ का वडा अध्यक्षले समेत रक्तदान कार्यक्रममा सहभागी जनाउदै गौशाला नगर पालिकाका -१२ का स्थानीय युवाहरुको साथ सहयोगमा कार्यक्रम गरिएको थियो।


मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

रामगोपालपुर नगरपालिका, महोत्तरी



मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

मटिहानी नगरपालिका, महोत्तरी


# भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्वार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरमा धोती,कुर्ता र सारी....

भनाइ छ।

उनी भन्छन्, 'मधेसमा रहेको व्यापक सोचाइबाट उत्पादित मधेसीलाई सधैं अपहेलना गरिन्छ। सधैं सुरक्षाकर्मी र प्रशासनबाट भयभित भएर बाँच्न सकिन्न। बुद्ध नेपालमा जन्मेको भनेर चिनाउँछौं। तर, हामीसँग राष्ट्रवाद र देशभिक्रको शंकाले नेपाली नागरिक भएको प्रमाण खोजिन्छ। यदि यी जम्मैलाई नेपाली पहिचान बनाउने हो भने, हामीले आफ्नो सोचमा परिवर्तन ल्याउनुपर्छ।'

राजनीतिज्ञ प्रफल्लराज घिमिरेले संस्कृतिको रक्षा हुने ब्राह्मण एवं हिन्दु धर्मावलम्बीहरूले लगाउँदा संस्कार हुने अनि धोती मधेसी, थारू, जनजाति, आर्य आदिले लगाउँदा होच्याउने मानसिक दरिद्रताको परकाष्ठा भएको टिप्पणी गरे। कसैलाई कुनै समुदायलाई लक्षित गरेर होच्याउनुभन्दा पहिले नेपालको भूगोल, विभिन्न क्षेत्रको जलवायु, धर्म संस्कृति एंव परम्परागत आधारमा लगाइने भिन्न-भिन्न प्रकारका पोसाकमध्येको घोती पनि एउटा पवित्र सात्विक सनातन नेपाली पोसाक हो। नेपालमा विशेष गरेर तराई-मधेसमा मैथिली, ब्राह्मण आदिवासी, जनजाति, थारू, मगर तथा मधेसी समुदायले लगाउने प्रमुख वस्त्र नै हो धोती।

'अइबेर के छठीघाट, अपन संस्कृतिक वस्त्रके साथ' भन्ने नाराका साथ मधेसका युवा-युवतीहरूले रैथाने वस्त्रको प्रदर्शन गरेका छन्। छठ पर्वमा विशेष रूपमा संस्कृतिक वस्त्र लगाएर सहभागी हुन उनीहरूले सबैमा अपील गर्दै छठ घाटमा आफ्नो पारम्परिक वस्त्र लगाएर जान र सभ्यता संस्कृतिलाई जोगाउन अपील गरेका हुन्।



'अइबेर के छठीघाट, अपन संस्कृतिक वस्त्रके साथ' भन्ने नारा सार्वजनिक गरि जनकपुर धामको ऐतिहासिक तथा धार्मिक महत्वको जानकी मन्दिर परिसरमा संस्कृति वस्त्र प्रदर्शन गरेका हुन्।

मधेस र मिथिलाञ्चलको पहिरनलाई जगेर्ना गर्नुका साथै प्रचार-प्रसारको उद्देश्यले मधेस तथा कोशी प्रदेशका युवाहरूले धोती कुर्ता तथा साडी पहिरनमा सजिएर वस्त्र पहिचान गराउन जनकपुरधाममा प्रदर्शन गरे। पछिल्लो समय युवाहरूमा मिथिलाको मुख्य पोशाकका रूपमा रहेको धोती कुर्ताप्रति बढ्दै गइरहेको वितृष्णा कम गर्ने उद्देश्यले युवाहरूले जनकपुर धाममा पुरुषले धोती कुर्ता तथा नारीले सुल्टो सारी लगाएर निस्किएका हुन्।

'अइबेर के छठीघाट, अपन संस्कृतिक वस्त्रके साथ' अभियानको मुख्य नेतृत्वकर्ता मोहन महतो कोइरीले विगत ५ वर्षदेखि अभियान चलाउँदै छठ घाटको तयारी रहेको बताए। उनले आउन लागेको मिथिलाको पर्व छठको समयमा धोती कुर्ता लगाएरै छठको घाटमा पुग्न अपिलसमेत गरे।

युवतीहरूमा साडीप्रति आकर्षण रहे पनि साडी लगाउने तरिकामा आधुनिकताले छोइरहेको प्रति सहभागी विनिता महतोले दुःख व्यक्त गरिन्। उनले युवतीहरूलाई हाम्रा पुर्खाले जसरी लगाउँथे त्यसरी नै सुल्टो सारी लगाउन आग्रह समेत गरिन्। विनिताले सबैलाई सीधा पल्लामा साडी लगाउन आग्रह गरिन्।

### के हो धोती ?

धोती भन्नाले पारम्परिक नेपाली तथा भारतीय पहिरनलाई बुझिन्छ। जुन मुख्यतया पुरुषहरूले लगाउँछन्। यो लामो कपडाको टुक्रा हो। जसलाई कम्मरमा बेरेर खुट्टाको बीचबाट निकालेर कसिन्छ।

धोती विशेष गरी धार्मिक तथा संस्कृतिक कार्यक्रमहरूमा लगाइन्छ। मिथिला मधेस क्षेत्रमा पुरुषहरू धोती वस्त्र लगाउँदा कमरमा पछाडिपट्टिबाट धोतीको एक भागलाई विशेष प्रकारले पट्याएर घुसार्ने गर्छन्। यसरी पट्याउने कार्यलाई कोचिआएन अर्थात् कोँचा भनिन्छ।

धोतीको घुसारिने भागलाई ढेका तथा घुसारिने कार्यलाई खोसबु भनिन्छ। यसरी धोतीको यो ढेका भागको स्थान पिँठ्युको तलो भागमा हुने गर्छ।

यसलाई एक प्रकारको शुद्ध सरल पोसाकका रूपमा लिइन्छ। हिन्दू धर्ममा कुनै धार्मिक काममा शुद्ध पोसाकको पर्यायवाची शब्द धोती हुन्छ। यो केवल एउटा पोसाक बाहेक ज्यादा केही पनि होइन। लाउन सहज र सरल भएकाले देशको भौगोलिक अवस्थाअनुसार धेरै गर्मी हुने क्षेत्रमा ज्यादा प्रयोगमा ल्याउने कुरा स्वाभाविक नै भयो। जसले जति बढी प्रयोगमा ल्यायो, त्यति नै त्यो पोसाकप्रतिको मोह हो।


## चुरे उत्थानशील आयोजना बर्दिवासको अनुरोध

*** प्रतिफल-१**

**दिगो प्राकृतिक श्रोतहरूको व्यवस्थापन बढाऔं :**

- जलवायु उत्थानशील भूउपयोग क्रियाकलापहरु लागु गरौं ।
- प्राकृतिक वनहरुको संरक्षण तथा पारिस्थितीक प्रणाली सुधार गरौं ।
- नदी प्रणालीमा रहेका प्राकृतिक वन र रुखहरुले ढाकेको क्षेत्र पुर्नस्थापन तथा व्यवस्थित बनाऔं ।

*** प्रतिफल-२**

**प्राकृतिक श्रोतहरुको व्यवस्थापकिय क्षमतामा अभिबृद्धि गरौं ।**

- दिगो प्राकृतिक श्रोतहरुको व्यवस्थापन राष्ट्रिय, प्रदेश र स्थानीय तहको क्षमता अभिबृद्धि गरौं ।
- जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोतहरुको व्यवस्थापनमा स्थानीयस्तरका समुदायमा आधारित संघसंस्थाहरुको क्षमता अभिबृद्धि गरौं ।

*** प्रतिफल-३**

**स्थानीयस्तरमा रहेका ज्ञानसिपको अभिबृद्धि तथा व्यवस्थापन गरौ ।**

- दिगो प्राकृतिक श्रोतको व्यवस्थापन स्थानीय ज्ञानसिपको अभिबृद्धि गरौं ।
- स्थानीय ज्ञानसिपको प्रवर्द्धनका निमित्त सुचना प्रवाह तरिका व्यवस्थीत बनाऔं ।

चुरे उत्थानशील आयोजना
बर्दिवास, महोत्तरी




# राजा जनकका गुरु अष्टबक्रको जन्मस्थान महोत्तरीको राजाबास भएको दावी

**विशाल बस्नेत**

**कार्तिक ३ गते, बर्दिवास**

अष्टबक्र गिताले ईश्वरको अस्तित्वलाई स्विकार गर्दैन । भागवत गिताले मण्दिरमा ईश्वर छन् भन्ने मान्यता राख्छ भने अष्टबक्र गिताले मण्दिर वनाउने नै भगवान हुन भन्ने मान्यता राख्छ ।

बिश्वका सयौ देशका शासकहरुले अष्टबक्र गितालाई निति वनाउने दर्शनकोरुपमा ग्रहण गरेका छन । यस्लाई पुर्विय दर्शनकोरुपमा पश्चिमाहरुले जिवनउपयोगी शास्त्रकोरुपमा प्रयोग गरेका छन भने धेरै विश्वविध्यालयहरुमा अध्यण, अध्यापन समेत भैइरहेको छ । दुनियामा चर्चित र हरेकले अनुसरण गरिरहेको राजा जनकको प्रश्न र अष्टबक्रको जवाफकोरुपमा विकसित भएको गिता जिवनलाई गुणस्तरिय वनाउने माध्यम वनेतापनी यस्का सृष्टिकर्ताको परिचय भने अज्ञात र रहस्यमय वनिरहेको छ ।

मिथिलाका श्रीध्वज राजाले अष्टवक्रको ज्ञानवाट नै विदेह राज्य वनाउन सम्भव भएको र पछि उन्कै ज्ञानवाट जनक उपाधी पाएको भनाई छ । उनै अष्टबक्रको जन्मस्थलको विषयमा खोजी भैइरहेको वेला जनकपुरवाट भन्डै ४५ किलोमिटर दुरीमा रहेको बर्दिवासस्थित राजावासमा जन्मस्थल भएको दावी गरिएको छ ।

## अष्टबक्रको जनमस्थल कसरी राजाबास भएको चर्चा चल्यो ?

भारतको आन्द्र प्रदेशवाट बर्दिवास आईपुगेका डा. स्वामी बिस्वासनन्दले अष्टबक्रको जन्मस्थल बर्दिवासको राजावास भएको दावी गरेका छन ।

शनिवार एक पत्रकार सम्मेलनका विच उक्त ठाउँ अष्टबक्रको जनमस्थलसगँ मिल्ने विभिन्न अवशेषहरु प्राप्त भएको उन्को भनाई छ ।

मध्यपाषण युगको हतियार कार खाना रहेको भनिएको ठाउँवाट भन्डै ७ किलोमीटर दुरीमा रहेको राजाबास नै अष्टबक्रको जन्मस्थल र राजा जनकले ज्ञान प्राप्त गरेको भुमी भएको डा. विस्वासानन्दले जिकिर गरे । पुरातात्त्विक हिसावले यो ठाउँमा अनेकौ अवशेषहरु प्राप्त भएको हुनाले अष्टबक्रको जन्मस्थललाई प्रमाणित गर्ने विभिन्न आधारहरु समेत भएको उनको भनाई छ ।

अष्टबक्रको जन्मस्थल र समाधीको विषयमा अध्यण गरि रहेको वेला डा. स्वामीलाई नेकपा एमालेका नेता शंकर महतोले भेटेका थिए । उनकै माध्यमले बर्दिवास आईपुगेका स्वामीले स्वयम अष्टबक्रको जन्मस्थल भएको निष्कर्ष निकाल्दै शनिवार पत्रकार सम्मेलन गरेका हुन् ।

आन्द्र प्रदेशका स्वामी बिस्वासानन्दले केमिस्ट्रीमा पिएजडी गरेका छन भने यसअघि उन्ले विश्वका विभिन्न ठुला कोर्पोरेट कम्पनीमा काम गरेका थिए ।

सन १९९१ मा केमिस्ट्री विषयमा नै प्रयोगशालामा व्यवहारिक अनुसन्धान गर्दागर्दै उनी वैरागिएर अष्टबक्र ज्ञानको खोजीमा लागेका थिए ।

त्यसपछी प्रचारप्रसारमा लागेका डा. विस्वासानन्दले ७२ देशको भ्रमण सकेको र नेपालको बर्दिवास नै अष्टबक्रको जन्मस्थल भएको जिकिर गरे । जनक राजाले राजकाजको लागि अष्टबक्रवाट ज्ञान प्राप्त गरेतापनि उनी काँहा जन्मेका हुन भन्ने खोजी हुन सकेको थिएन ।

यदि डा. स्वामी विस्वासानन्दले भनेजस्तै अष्टबक्रको जन्मस्थान राजाबास नै प्रमाणित भए बिश्व कै उत्कृष्ट पर्यटकीय गन्तव्य वन्न सक्ने देखिएको छ ।

पत्रकार सम्मेलनमा डा. स्वामी विस्वासानन्दले अष्टबक्रको जनमस्थलको समबन्धमा गरिने थप खोजीलाई हरेक तवरले सहयोग गर्ने राजनिती दलहरुले प्रतिवद्धता जनाएका छन ।

ञपुर्विय दर्शन कै कारण अहिले पश्चिमेलीहरुले अथेष्ट विकास गरिरहेका छन तर हामी उनिहरुको नै सिको गरिरहेका छौ ।झ माओवादी केन्द्रका नेता तुलसी ढुंगानाले भने । ञउनिहरु हाम्रो सभ्यता र दर्शनहरुवाट माथी पुगेका हुन ।'



## अष्टबक्रको जन्मस्थल भएको थाहा पाउँदा निक्कै खुसी छौ : पर्यटन व्यवसायी

अष्टबक्र जन्मेको भन्ने थाहा पाएपछी पर्यटन विकासमा उत्साह थपेको पर्यटन व्यवसायीहरुले वताएका छन । जन्मस्थल प्रमाणित गर्न डा. स्वामी विस्वासानन्दले चालेको कदममा नगर पर्यटन वोर्ड, होटल तथा पर्यटन व्यवसायी संघले

*बाँकी पृष्ठ २ मा*

**सूचना ! सूचना !! सूचना !!!**

समयमै कर तिरौं ।
सभ्य नागरिकको परिचय दियौं ॥

**कर कार्यालय**
**बर्दिवास, महोत्तरी**

सफा र स्वच्छ सहर, हाम्रो सहर

फोहर मैलालाई श्रोतमा न्यूनीकरण, पून: प्रयोग, प्रसोधन वा विसर्जन गरी फोहरमैलाको उचित तथा प्रभावकारी व्यवस्थान गरौं | फोहर मैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्ने सक्ने प्रतिकुल प्रभावलाइ कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न वडाबासीहरु जागरुक होऔं| |



फोहर फाल्नु अगि एक पटक सोचौ

जनकपुरधाम उप-महानगरपालिका
धनुषा, मधेश प्रदेश




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,